नेपाल सरकार

# गृह मन्त्रालय

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

मितिः २०७४।०४।२९

## प्रेस विज्ञप्ति

विगत केही दिन देखि परेको अविरल वर्षाका कारण आएको बाढी, पहिरो र डुबानबाट मुलुकका विभिन्न जिल्लाहरुमा जनधनको क्षति हुनका साथै ती जिल्लाहरुको जनजीवन नराम्रोसँग प्रभावित हुन पुगेको छ । हालसम्म प्राप्त पछिल्लो विवरण अनुसार विभिन्न जिल्लामा ६४ जनाको मृत्यु, २८ जना घाईते, ५३ जना बेपत्ता भएका छन् जस अनुसार रौतहटमा-९, सुनसरीमा-८, मोरङ्गमा-६, सिन्धुली र झापामा-४/४, दाङ्ग, बाँके, सर्लाही, मकवानपुर र सुर्खेतमा-३/३ जना, बर्दिया, बारा, पाँचथर, महोत्तरी, हुम्ला, बाग्लुङ्ग र चितवनमा-२/२ जना एवं धनुषा, पाल्पा, इलाम र कपिलवस्तुमा १/१ जनाको मृत्यु भएको छ भने विपदकै कारण बाँकेमा-५, सुनसरी, बर्दिया, ललितपुरमा ३/३ जना, दाङ्ग, मकवानपुर, पाल्पा, पर्सा, रौतहटमा-२/२ जना एवं बारा, सिन्धुली, मोरङ्ग, र सुर्खेतमा १/१ जना घाइते भएका छन । बेपत्ता हुनेहरुमा झापामा-१४, रौतहटमा-८, मोरङ्गमा-७, सुनसरीमा-६, मकवानपुर र पाँचथरमा-३/३ जना, पर्सामा-२, ससरी, सर्लाही, इलाम, धनुषा, बारा, सिन्धुली, धादिङ्ग, पर्सा, नवलपरासी र बर्दियामा-१/१ जना रहेका छन ।

बाढी, पहिरो र डुबानबाट हालसम्म प्राप्त विवरण अनुसार १००५ वटा घरमा क्षति पुगेको छ जस अनुसार बाँकेमा-५२४, बारामा-१३६, धनुषामा-१२५, दाङ्गमा-५६, चितवनमा-५०, सर्लाहीमा-२८, झापामा-२०, ससरीमा-१५, महोत्तरीमा-११, रौतहटमा-९, बर्दियामा-७, इलाममा-५, सिराहामा-४, पाँचथरमा-४, सुनसरीमा-३, मोरङ्गमा-२, रामेछापमा-१, गुल्मीमा-१, रुपन्देहीमा-१, पाल्पामा-१, मकवानपुरमा-१, सिन्धुलीमा-१ रहेका छन् । बाढी, पहिरो र डुबानकै कारण मोरङ्ग, उदयपुर, महोत्तरी, बारा, पर्सा, चितवन, दाङ्ग, सुर्खेत, रोल्पा, बझाङ्ग र दार्चुला लगायतका जिल्लामा सडकहरु अवरुद्ध हुन पुगेका छन् । पूर्व पश्चिम राजमार्ग अन्तर्गत दुधौरा खोलाको पुलको पिलर भाँचिएको कारण यातायात अवरुद्ध भएको छ, मिर्चैया देखि ओखलढुङ्गा जाने सिद्धिचरण राजमार्ग बिहानदेखि अवरुद्ध हुन पुगेको छ, त्यसै गरी बर्दिवास-ढल्केवर सडकखण्डको रातुपुल भासिएको कारण बाटो अवरुद्ध हुन पुगेको छ।

यसै गरी चितवनमा मुग्लिङ्ग-नारायणगढ सडकखण्ड अन्तर्गत इच्छाकामना गा.पा. ६ को जलविरे, चारकिलो, कालीखोला, भालुखोला, टोपेखोला लगायतका स्थानमा पहिरो गएको कारण यातायात अवरुद्ध, दाङ्गमा घोराही-लमही, तुलसीपुर-अमेलिया, घोराही-तुलसीपुर, तुलसीपुर-सल्यान सडकखण्ड अवरुद्ध, सुर्खेतमा नेपालगञ्ज-सुर्खेत सडकखण्ड अन्तर्गत भेरीगंगा-५ मा पहिरो गएको कारण सडक अवरुद्ध भएको छ भने महोत्तरी र सर्लाहीमा पुलमा क्षति पुगेको छ । झापा, मोरङ्ग, सुनसरी, ससरी, सिराहा, सर्लाही, बारा, पर्सा, रौतहट, धनुषा, नवलपरासी, दाङ्ग, बाँके र बर्दिया जिल्लाका बस्तीहरु डुबानमा परेका छन् । बबई नदीमा पानीको सतह खतराको तहमा पुगेको हुँदा त्यसबाट प्रभावित हुन सक्ने जिल्लाका तल्लो तटीय क्षेत्रका बासिन्दाहरुलाई सतर्कता अपनाउन अनुरोध गरिएको छ ।

खोज, उद्धार र राहत वितरणका लागि केन्द्रमा गृह मन्त्रालयमा र प्रभावित जिल्लाका जिल्ला प्रशासन कार्यालयमा कमाण्ड पोष्ट स्थापना गरी प्रतिकार्यको लागि समन्वय भईरहेको छ । घटनाको जानकारी हुनासाथ सुरक्षा निकायका नजिकका इकाई र जिल्ला सदरमुकामबाट समेत उद्धार टोली तत्कालै ती स्थानहरुमा परिचालित भइ खोज तथा उद्धार कार्य भईरहेको छ । उद्धारकै क्रममा मृत्यु भएकाहरुको शव आवश्यक कानूनी प्रक्रिया पूरा गरी आफन्तलाई बुझाउने कार्य भैरहेको छ भने घटनामा परी घाइते भएकाहरुलाई उद्धार गरी नजिकको अस्पतालहरुमा

नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

उपचारको व्यवस्था मिलाईएको छ । घटनामा परी वेपत्ता भएकाहरुको खोज तथा उद्धार र अवरुद्ध सडक खुलाई सडक सुचारु गर्ने कार्य जारी रहेको छ ।बाढी, पहिरो र डुबानबाट जोखिममा रहेका परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न, घाइतेहरुको उद्धार गर्न र राहत वितरण गर्न नेपाली सेनाको हेलिकप्टर परिचालन गरिएको छ ।उद्धारको क्रममा नेपाली सेनाको हेलिकप्टरबाट भरतपुर महानगरपालिका वडा नं. २३ मा जगतपुरमा डुबानमा परेका करीब ४०० जनाको उद्धार गरिएको छ, ललितपुरको बागमती गाँउपालिका, ईकुडोलमा पहिरोमा परी गम्भीर घाइते भएका ३ जनालाई काठमाण्डौ ल्याई उपचारको व्यवस्था मिलाईएको छ । राहत वितरणका लागि २१ जिल्लालाई १ करोड ९८ लाख रकम निकासा गरिएको छ ।

सतह मार्गबाट पीडितहरुको उद्धार गर्नको लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका तालिम प्राप्त खोज तथा उद्धार टोली परिचालन गरिएको छ । आज बिहान विभिन्न ११ वटा विषयगत क्षेत्र (क्लष्टर) का नेतृत्वदायी निकायबीच भएको बैठकबाट खोज, उद्धार र राहत वितरणमा सम्बद्ध सम्पूर्ण सरकारी तथा गैरसरकारी निकायहरु एकीकृत र समन्वयात्मक रुपमा परिचालित हुने निर्णय गरिएको छ । यसैबीच खोज, उद्धार र राहत वितरणका कार्यहरुलाई प्रभावकारी बनाउन माननीय गृहमन्त्रीज्यूसहितको टोलीबाट आज बाँके/बर्दिया/झापा/सप्तरी/मोरङ्ग/सुनसरी लगायतका जिल्लाहरुमा निरीक्षण गरी राहत वितरणमा तीव्रता दिन निर्देशन भएको छ ।

गृह मन्त्रालयले विपदबाट पीडित परिवारहरुलाई उचित राहत र पुनर्स्थापना गर्नको लागि कुनै कसर बाँकी नराखे जानकारी गराउँदै सम्पूर्ण संयत्र सहित राहत वितरणमा केन्द्रित भई पीडितहरुको समस्या समाधान गर्न प्रतिवद्ध छ । बर्षादको समयमा भईरहने बाढी, पहिरो र डुबानको सम्भावना टरी नसकेको हुँदा सम्भावित विपदको सामना गर्न आ-आफ्नो तह र तप्काबाट सहयोग गर्न सम्बद्ध सबैमा गृह मन्त्रालय आग्रह गर्दछ ।

(रामकृष्ण सुवेदी)
प्रवक्ता